परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ४४ २०८३ जेष्ठ २४ आईतवार Sunday, 7 JUN 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## 'गीत-नाद मैथली लोकगीत प्रतियोगिता' को स्वर परिक्षण (अडिसन) सम्पन्न




विराटनगर। मैथिली विकास अभियान तथा मैथिली अनलाइनको संयुक्त आयोजनामा विराटनगरमा 'गीत-नाद मैथिली लोकगीत प्रतियोगिता' को स्वर परीक्षण (अडिसन) सम्पन्न भएको छ।

विराटनगरस्थित संगम पार्टी प्यालेसमा शनिबार भएको अडिसनबाट विभिन्न १२ वटा समूहले फाइनलमा आफ्नो स्थान सुरक्षित गरेका छन्।

अडिसनमा मोरङ र सुनसरीका विभिन्न ३५ वटा महिला गीत गायन समूहले प्रतिस्पर्धा गरेको मैथिली विकास अभियानका उपाध्यक्ष कल्पना दासले दिए। प्रतियोगितामा संगीत प्रशिक्षक विद्या मिश्रा, लोकगायक तथा संगीतकार भगवान झा र गायक राजीव मिश्राले निर्णायकको भूमिका निर्वाह गरेको थियो। अडिसनका क्रममा सहभागीहरूलाई मैथिली भाषाको मौलिक लोकगीत गाउन लगाइएको थियो।

मैथिल संस्कृतिमा प्रत्येक संस्कारहरू लोकगीतविना पूरा नहुने र समुदायमा जन्मदेखि मृत्युसम्मका संस्कारगत गीतहरू गाउने चलन रहेको छ। तर, बढ्दो आधुनिकताको प्रभावका कारण ती संस्कार गीतहरू लोप हुने अवस्थामा पुगेकाले तिनको संरक्षण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको मैथिली विकास अभियानका अध्यक्ष नवीन कर्णले जानकारी दिए।

अडिसन चरण पार गरी फाइनलमा पुग्न सफल समूहहरूमा कुपन नम्बर ३४ का जया मल्लिक र ममता कर्ण प्रथम, कुपन नम्बर ७ का अनिता कर्ण र भाग्यश्री झा दोस्रो तथा कुपन नम्बर ३३ का कविता मेहता र रिद्धि, सिद्धि तेस्रो भएका छन्।

यसैगरी चौथो स्थानमा कुपन नम्बर ३५ का रञ्जनाकुमारी झा, कञ्चना चौधरी, गीता दास र बिना कायस्थ, पाँचौं स्थानमा कुपन नम्बर १० का अमृता कर्ण र रेणु कर्ण, छैटौं स्थानमा कुपन नम्बर ३२ का निर्मला सहनी र तारा राय तथा सातौं स्थानमा कुपन नम्बर १ का संगीता कर्ण र अञ्जला मण्डल चयन भएका छन्।

त्यस्तै आठौं स्थानमा कुपन नम्बर ३१ का रोजी झा र सारिका झा, नवौं स्थानमा कुपन नम्बर २८ का किरण कुमारी झा, विभा झा र प्रियंका झा, दसौं स्थानमा कुपन नम्बर २१ का मीरा शर्मा, आशा शर्मा र शिला मण्डल, एघारौं स्थानमा कुपन नम्बर ३० का स्वाती कर्ण

वांकी अन्तिम पेजमा...

## समाचार लेखन र आचार संहिता सम्बन्धि तालिम

विराटनगर। समाचार लेखन तथा पत्रकार आचार संहिता सम्बन्धी तीन दिने तालिम सुरू भएको छ।

तालिम उद्घाटन सत्रका प्रमुख अतिथि विराटनगर महानगर पालिकाका मेयर नागेश कोइरालाले फूलको गमलामा पानी हालेर उद्घाटन गर्दै भने पत्रकारिता सत्य-तथ्यमा आधारित रिपोर्टिङ गर्नुपर्नेमा जोड दिँदै गलत सूचना फैलिन नदिन सबै पत्रकार जिम्मेवार बन्नुपर्ने सुझाव दिएका थिए।

त्यसैगरी, नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य कमल रिमालले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई दिने निर्णयको विरोधमा जेठ २५ गते देखि सडक आन्दोलन गर्ने जानकारी दिँदै सहभागी पत्रकारहरूलाई वातावरण सम्बन्धी विषयमा विशेष ध्यान दिएर समाचार लेख्न आग्रह गरेका थिए।

त्यस्तै, नेपाल पत्रकार महासंघ मोरङका अध्यक्ष सुशीला पाठकले सत्य-तथ्य पत्रकारिताले मात्रै पत्रकारलाई सुरक्षित र जिम्मेवार बनाउने वताएका थिए।

नेपाल पत्रकार महासंघ कोशी प्रदेशका उपाध्यक्ष कुमोद अधिकारीले स्वागत मन्तव्य राख्दै पत्रकारितामा देखिएको अलमल लाई यस्ता तालिमले स्पष्टता दिने विश्वास व्यक्त गरेका थिए।

तालिम उद्घाटन सत्रका अध्यक्ष एवम् नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्काले भने नयाँ पत्रकारहरूमा आचार संहिता पालनामा कमजोरी देखिएकाले यस्ता तालिम आवश्यक रहेको बताए। "कलमले नै देशलाई अगाडि बढाउँछ, त्यसैले पत्रकारिता जिम्मेवार र आचारसंहिता अनुसार हुनुपर्छ," वहांको भनाई थियो।

तालिममा सहभागी नयाँ पत्रकारहरूलाई आचार संहिता, समाचार लेखन शैली तथा जिम्मेवार पत्रकारिताबारे विभिन्न सत्रमार्फत यज्ञ शर्माले प्रशिक्षण दिइ रहेकोछ।

उक्त तालिम जेठ २४ गतेसम्म सञ्चालन हुने तालिम विराटनगर महानगरपालिकाको सहकार्य र नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिको आयोजनामा भईरहेकोछ।






क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय विराटनगर द.न. ०४/०७७/०७८

## गीत-नाद...

र अञ्जली कर्ण तथा बाह्रौं स्थानमा कुपन नम्बर १८ का चन्दा शर्मा, किरण शर्मा र शिलादेवी महतो रहँदै फाइनलको यात्रा तय गरेका छन् ।

फाईनलमा अडिसन चरण पार गरेका १२ वटा समुहबिच प्रतिस्पर्धा गराएर प्रथम,दोस्रो र तेश्रो छनौट गरिने आयोजक समितिले जनाएको छ । आयोजक समितिले सामाजिक संजालको माध्यमबाट समेत एकजनालाई बिजेता घोषणा गर्ने जनाएको छ ।

प्रतियोगिताको फाइनल प्रतिस्पर्धा आगामी ज्येष्ठ ३० गते शनिबार विराटनगर स्थित आरोहण गुरुकुलमा हुनेछ । फाइनलमा मैथिल संस्कृतिका गीत-संगीतका साथै नृत्यहरू समेत प्रस्तुत गरिने आयोजक समितिले जनाएको छ ।

प्रतियोगितामा उत्कृष्ट भई प्रथम, दोस्रो र तेस्रो हुने समूहलाई क्रमश: नगद १५ हजार, ११ हजार र ८ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ ।

NO SMOKING

# एलिट क्लब निर्वाचितलाई प्रमाणपत्र वितरण




विराटनगर, जेठ १८ गते । एलिट क्लब विराटनगरको नव निर्वाचित कार्यसमितिको पदस्थापना तथा प्रमाणपत्र वितरण समारोह क्लबको सभा हलमा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि विराटनगरमहानगर पालिकाका प्रमुख नागेश कोइरालाले सम्बोधन गर्दै भने एलिट क्लबले समाजमा बौद्धिक बहस र सकारात्मक चेतना प्रवर्द्धनमा खेलेको भूमिकाको प्रशंसा गर्दै महानगरपालिकाको तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

वरिष्ठ अधिवक्ता दिल्ली कार्की संयोजक रहेको निर्वाचन समितिले सर्वसम्मत रूपमा पदाधिकारी तथा सदस्यहरू चयन भएको जानकारी घोषण गरेका थिए ।

नव निर्वाचित कार्यसमिति को अध्यक्षमा इन्दिरा कार्की, महासचिव यज्ञप्रसाद शर्मा, अर्थ सचिव मणिकुमार अर्याल, सांस्कृतिक सचिव प्रमिला थापा तथा सदस्यहरू सुशीलकुमार झा, लीलाबल्लभ घिमिरे, डिकप्रसाद घिमिरे, भैरवप्रसाद रिजाल र मिना नेपाल रहेका छन् । कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ ।

कार्यक्रममा बोल्दै क्लबका निवर्तमान अध्यक्ष विश्वनाथ रिजालले आफूले आठ वर्षसम्म क्लबको नेतृत्व गर्ने अवसर पाएको स्मरण गर्दै कोभिड-१९ महामारीका बेला समेत जुम मिटिङमार्फत संस्थाका गतिविधिहरूलाई निरन्तरता दिएको बताए । उनले क्लबको स्थापना २०१५ सालमा भएको उल्लेख गर्दै संस्थाका संस्थापक सदस्यहरूमध्ये हाल दुई जना जीवित रहेको जानकारी दिए ।

नव निर्वाचित अध्यक्ष इन्दिरा कार्की ले संस्थाको गरिमा र प्रतिष्ठालाई अझ उचाइमा पुऱ्याउने प्रतिबद्धता जनाइन् । उनले भनिन्, "एलिट क्लबको शिर झुक्न दिने छैनौं । शिरमा क्षमता, काँधमा जिम्मेवारी र हृदयमा इमानदारी बोकेर काम गर्नेछौं ।"

नेपाल पत्रकार महासंघ मोरं अध्यक्ष सुशीला पाठकले एलिट क्लबले सामाजिक विषयहरूमा बहस र छलफलको संस्कृति विकास गर्दै आएको बताइन् । उनले यस्ता विषयहरू अन्तर्राष्ट्रिय स्तरसम्म पुग्ने विश्वास व्यक्त गर्दै क्लबले समाजलाई सही दिशा दिने अपेक्षा राखिन् ।

त्यसैगरी क्लबका पूर्व महासचिव दिनेश श्रेष्ठ ले इतिहासप्रति गौरव गर्नु आवश्यक भए पनि भौतिक निर्माण मात्र विकास नभएको उल्लेख गरे । उनले राष्ट्र निर्माणमा सकारात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै क्लबलाई अझ समावेशी र लोकतान्त्रिक बनाउन आग्रह गरेका थिए ।

विचार र बहसको मञ्चका रूपमा परिचित एलिट क्लबले आगामी दिनमा सामाजिक, बौद्धिक तथा समसामयिक विषयमा छलफललाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।


## सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी,
- आवश्यक ढिलाइ र झण्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रुपमा निषेध गरौ,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभाव कारी वनाऔं,
- प्रविधी मैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणामुखी कार्यशैली विकास गरौं,

नेपाल सरकार, विज्ञापन बोर्ड








परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# बजेट सकाऊने चटारो

नेपाल सरकारले तीन तहको बजेट बनाउछ। पहिले संघिय सरकारले जेठ १५ गते भित्र बजेट विनियोजन गर्छ। त्यसपछि प्रदेश सरकारले अषाढ १ गते भित्र बजेट विनियोजन गर्छ भने अन्तिममा स्थानीय सरकारले अषाढ १० गते भित्र बजेट ल्याउनु पर्ने कानुन नै बनेको छ। तीनै तहको सरकारले बजेट विनियोजन गर्दछ सरकारी बजेट विनियोजनको मुख्य उद्देश्य विकास, सेवा प्रवाह र जनजीवनमा सुधार ल्याउनु हो। तर हरेक आर्थिक वर्षको अन्त्यतिर देखिने "बजेट सकाउने चटारो" ले यो उद्देश्यलाई नै प्रश्नचिन्हमा पारिदिन्छ। असार मसान्त नजिकिँदै गर्दा विकास निर्माणका कामहरू एक्कासी तीव्र हुने, हतार-हतार टेन्डर, सम्झौता र भुक्तानी हुने प्रवृत्ति हाम्रो प्रशासनिक संस्कृतिको पुरानै रोग जस्तै बनेको छ।

वर्षभरि योजना कार्यान्वयन सुस्त रहने, आवश्यक अध्ययन-अनुसन्धान बिना योजना छनोट हुने र अन्तिम महिनामा खर्च बढाउने प्रवृत्तिले सार्वजनिक स्रोतको दुरुपयोग हुने खतरा रहन्छ। कतिपय अवस्थामा कामको गुणस्तरमा सम्झौता हुन्छ, ठेक्का प्रक्रियामा पारदर्शिता कमजोर हुन्छ र दीर्घकालीन उपयोगिता नभएका योजनामा समेत बजेट खर्च गरिन्छ। परिणामस्वरूप "खर्च भयो तर विकास देखिएन" भन्ने जनगुनासो बढ्दै जान्छ। वर्ष भरी केही काम नगनर्ने वर्षको अन्त्यमा जेठ र अषाढ १५ सम्म हतारमा बजेट खर्च गर्नुलाई उचित ठहर्याउन सकिँदैन।

स्थानीय तहदेखि संघीय संरचनासम्म बजेट कार्यान्वयनलाई "समयमै, गुणस्तरीय र पारदर्शी" बनाउने संस्कार विकास नगरेसम्म बजेट सकाउने चटारो रोकिने छैन। विकास कागजमा होइन, जनताको जीवनमा देखिनु पर्छ भन्ने मूल भावना सबै तहका जिम्मेवार निकायले आत्मसात गर्न आवश्यक छ। बजेट खर्च गर्ने होइन, प्रभावकारी रूपमा उपयोग गर्ने संस्कार विकास गर्न सके मात्र देशले दिगो विकासको बाटो समात्न सक्छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# बजेट २०८३-८४ कति सुहाउँदो,कति चुनौती पूर्ण ?

*अर्थमन्त्रीको बजेट महत्त्वाकांक्षी सोच, आधुनिक दृष्टि र संरचनात्मक सुधारका घोषणाले भरिएको दस्तावेज हो । तर, यसको वास्तविक सफलता लक्ष्यको उचाइमा होइन, त्यसलाई धान्ने आर्थिक आधार र कार्यान्वयन क्षमतामा निर्भर रहने छ ।*

- सरकारले २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ, जसको ठूलो हिस्सा साधारण खर्चमा विनियोजन गरिएको छ।
- नेपालको कुल सार्वजनिक ऋण २९ खर्ब ७५ अर्ब ४ करोड रुपैयाँ पुगेको छ, जुन कुल गार्हस्थ उत्पादनको ४५.०८ प्रतिशत हो।
- सरकारले आगामी आर्थिक वर्षका लागि कृषि क्षेत्रको बजेट १८.३ प्रतिशतले घटाएर ४६ अर्ब ९२ करोड रुपैयाँमा सीमित गरेको छ।

**राजन कुमार झा**

नयाँ राजनीतिक जनादेश र शासकीय सुधार अपेक्षाबीच अर्थमन्त्री संसद्मा उभिँदा उनेको जिम्मेवारी केवल बजेट प्रस्तुत गर्नु थिएन, नागरिकको विश्वास पुनर्स्थापित गर्नु पनि थियो। तर, बजेट सार्वजनिक भएको दुई दिन नबित्दै कर संरचनामा गरिएका फेरबदल, स्रोत व्यवस्थापन सम्बन्धी प्रश्न र बजारको मिश्रित प्रतिक्रियाले यसलाई गम्भीर आर्थिक बहसको केन्द्रमा ल्याइदिएको छ।

झन्डै ३० खर्ब रुपैयाँ पुगेको सार्वजनिक ऋण, विकास बजेटकै हाराहारी पुगेको साँवा-ब्याजको भार र बजेट घाटा पूर्तिका लागि पुनः ऋणमै निर्भर रहने रणनीतिले अर्थतन्त्रका संरचनागत कमजोरी उजागर गरेको छ। त्यसमाथि शिक्षा, स्वास्थ्य र विद्युत्जस्ता आधारभूत सेवामा थपिएको करले सर्वसाधारणको दैनिकीमा नयाँ बोझ थप्ने संकेत दिएको छ।

यद्यपि, औद्योगिक कच्चा पदार्थमा भन्सार कटौती, आयकर सीमामा गरिएको परिमार्जन तथा सूचना प्रविधि, स्टार्टअप र डिजिटल अर्थतन्त्र प्रोत्साहन गर्ने नीति बजेटका सकारात्मक पक्ष हुन्। यसले निजी क्षेत्र र नवप्रवर्तन अघि बढाउने संकेत त दिएको छ, तर महत्त्वाकांक्षी लक्ष्य र सीमित स्रोतबीच सन्तुलन कति मिल्छ भन्ने प्रश्न अझै अनुत्तरित छ।

आउनुहोस्, यिनै र यस्ता अन्य प्रश्नहरूको उत्तर खोज्दै बजेटको आर्थिक प्रभावलाई नजिकबाट नियालौं।

### घाटा बजेट र ऋणको बढ्दो छाया

बजेटले आगामी आर्थिक वर्षका लागि ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र महँगीलाई ६ प्रतिशतभित्रै रोक्ने लक्ष्य राखेको छ। वित्तीय प्रणालीमा रहेको पर्याप्त तरलता र सुरक्षित वैदेशिक मुद्रा सञ्चिति आधार मानेर यो लक्ष्य भेट्टाउन सकिने सरकारी दाबी छ। तर, कुल २१ खर्ब २४ अर्ब ३४ करोडको बजेटको आन्तरिक बनोट हेर्दा यो लक्ष्य हासिल गर्नु निकै चुनौतीपूर्ण देखिन्छ।

बजेटमा प्रशासनिक र साधारण खर्च चलाउने चालु शीर्षकमा मात्रै १२ खर्ब ७० अर्ब ५८ करोड (करिब ५९.८ प्रतिशत) विनियोजन गरिएको छ। यस विपरीत, देशको विकास र पूर्वाधार निर्माणसँग जोडिएको पूँजीगत खर्चतर्फ जम्मा ४ खर्ब ३१ अर्ब१० करोड (२०.३ प्रतिशत) र वित्तीय व्यवस्थामा ४ खर्ब २२ अर्ब ६४ करोड (१९.९ प्रतिशत) मात्र राखिएको छ।

यो विनियोजनको सबैभन्दा कमजोर पाटो के हो भने, सरकारको कुल आन्तरिक राजस्व लक्ष्य (१४ खर्ब ५ अर्ब ३१ करोड) ले आफ्नो प्रशासनिक खर्च धान्न र पुरानो ऋणको सावाँ-ब्याज भुक्तानी गर्न पनि पूर्णरूपमा पुग्दैन। चालु आव जेठसम्म जम्मा ९ खर्ब ३० अर्बमात्र राजस्व संकलन भएको संकुचित धरातलमा उभिएर आगामी वर्ष एक्कासि १४ खर्बभन्दा बढी राजस्व उठाउने लक्ष्य राख्नु आफैंमा चुनौतीपूर्ण देखिन्छ। यही वित्तीय घाटा पूर्ति गर्न बजेटको झन्डै ३१ प्रतिशत हिस्सा अर्थात् ६ खर्ब ५७ अर्ब २९ करोड रुपैयाँभन्दा बढी रकम नयाँ ऋणबाट बेहोर्ने रणनीति लिइएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०८३ वैशाख मसान्तसम्मको प्रतिवेदन अनुसार नेपालको कुल सार्वजनिक ऋण दायित्व २९ खर्ब ७५ अर्ब ४ करोड रुपैयाँ पुगिसकेको छ, जुन कुल गार्हस्थ उत्पादन (जीडीपी) को ४५.०८ प्रतिशत हुन आउँछ। यस ऋण परिचालनमा नेपालले सबैभन्दा ठूलो मूल्य विदेशी विनिमय दरको अस्थिरताका कारण चुकाउनुपरेको छ।

प्रतिवेदनले प्रष्ट पारे अनुसार चालु आव वैशाख मसान्तसम्म मात्रै विदेशी विनिमय दरमा भएको परिवर्तनका कारण नेपाललाई १ खर्ब ६७ अर्ब ७५ करोड ६५ लाख बराबरको थप वित्तीय नोक्सानी भएको छ। विनिमय दरको यही भयावह नोक्सानीका कारण मात्रै देशको सार्वजनिक ऋण ६.२७ प्रतिशतले वृद्धि हुन पुगेको हो।

हुन त विनिमयको यही जोखिम घटाउन बजेटले उपयुक्त प्रिमियममा हेजिङको नयाँ कानुनी ढाँचा त अघि सारेको छ, तर विगतका कार्यविधिहरू कागजमै थुनिएको इतिहास हेर्दा यो घोषणा कार्यान्वयन हुनेमा आशंका नै देखिन्छ। अर्कातर्फ, सरकार आफैंले बजारबाट ४ खर्ब १० अर्बको आन्तरिक ऋण उठाउने लक्ष्य राखेको छ। बजारको सीमित पैसा सरकार आफैंले यसरी सोहोरिदिँदा निजी क्षेत्रले पाउने पूँजी स्वतः सुक्न सक्छ, जसले अर्थतन्त्रमा क्राउडिङ आउट इफेक्ट निम्त्याउने जोखिम बढाउँछ। जसले गर्दा एकातिर शिथिल व्यवसाय झन् सुस्ताउने सम्भावना रहन्छ भने, अर्कातिर जम्मा २०.३ प्रतिशतमात्र विकास बजेट खर्च गरेर ७ प्रतिशतको आर्थिक वृद्धि भेटाउने सरकारी दाबी पनि केवल एउटा सैद्धान्तिक कल्पनामा सीमित हुन सक्ने देखिन्छ।

### कर नीतिको नयाँ प्रयोग र मध्यम वर्ग

ऋण व्यवस्थापनतर्फ देखिएको दबाबसँगै बजेटको अर्को महत्त्वपूर्ण आयाम कर नीतिमा प्रकट भएको देखिन्छ, जहाँ मध्यम वर्गलाई केन्द्रमा राखेर खर्चयोग्य आय बढाउने प्रयास गरिएको छ। व्यक्तिगत आयकर छुटको सीमा दोब्बर गरी १० लाख पुर्‍याउनु र अधिकतम कर दर ३९ बाट २९

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# ऋणको भारी बोक्दै उत्पादनको सपना : बजेटमा महत्वाकाँक्षा धेरै, कार्यान्वयनमा चुनौती



रमेश कुमार बोहोरा

काठमाडौं। सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको महत्वाकांक्षी बजेट सार्वजनिक गर्दै उत्पादन वृद्धि, डिजिटल अर्थतन्त्र, सूचना प्रविधि, निजी क्षेत्रको सहभागिता र प्रशासनिक सुधारमार्फत आर्थिक रूपान्तरणको नयाँ खाका प्रस्तुत गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्मा प्रस्तुत गरेको बजेटलाई सरकार पक्षले "आर्थिक पुनर्जागरणको आधार" भनेको छ। तर बजेटका प्राथमिकता, स्रोत व्यवस्थापन, ऋणको बढ्दो भार, चालु खर्चको चाप तथा विगतको कमजोर कार्यान्वयन अवस्थालाई हेर्दा सरकारको घोषणाभन्दा यथार्थ फरक दिशातर्फ संकेत गरिरहेको देखिन्छ।

बजेटले उत्पादन, प्रविधि र निजी क्षेत्रलाई प्राथमिकता दिएको दाबी गरे पनि यसको ठूलो हिस्सा अझै पनि तलब, भत्ता, प्रशासनिक खर्च र ऋण भुक्तानीमा केन्द्रित छ। कुल बजेटमध्ये १२ खर्ब ७० अर्ब रुपैयाँ चालु खर्चमा छुट्याइएको छ, जुन कुल बजेटको झण्डै ६० प्रतिशत हो। पुँजीगत खर्च ४ खर्ब ३१ अर्ब रुपैयाँ मात्र रहेको छ भने ४ खर्ब २२ अर्ब रुपैयाँ वित्तीय व्यवस्थापन शीर्षकमा विनियोजन गरिएको छ। यसमध्ये ठूलो रकम सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा खर्च हुनेछ।

नेपालको सार्वजनिक ऋण २९ खर्ब रुपैयाँ नाघिसकेको अवस्थामा विकास खर्चभन्दा ऋण व्यवस्थापनमा बढी स्रोत खर्चिनुपर्ने अवस्था सिर्जना भएको छ। राजस्वको ठूलो हिस्सा ऋण तिर्नमै खर्च हुन थालेपछि सरकारको विकास गर्ने क्षमता क्रमशः कमजोर हुँदै जान्छ। बजेटले उत्पादन र रोजगारीको कुरा गरे पनि त्यसका लागि आवश्यक वित्तीय आधार ऋणको दबाबले खुम्चिँदै गएको संकेत देखिन्छ।

सरकारले बजेटमार्फत मन्त्रालयको संख्या २२ बाट १८ मा झार्ने, ३१ वटा सरकारी निकाय खारेज गर्ने तथा प्रशासनिक संरचना पुनर्गठन गर्ने घोषणा गरेको छ। यो निर्णयलाई प्रशासनिक सुधारतर्फ सकारात्मक कदमका रूपमा हेरिएको छ। तर विगतमा पनि यस्ता घोषणा धेरै भए पनि कार्यान्वयनमा प्रभावकारी परिणाम नआएकाले यसपटक पनि शंका उब्जिएको छ। सरकारी संयन्त्रमा संरचनागत सुधारभन्दा राजनीतिक भागबन्डा र कर्मचारीतन्त्रको प्रतिरोध ठूलो चुनौती बन्ने देखिन्छ।

यस वर्षको बजेटको सबैभन्दा चर्चित पक्ष सूचना प्रविधि र कृत्रिम बौद्धिकता (एआई) मा केन्द्रित योजनाहरू हुन्। सरकारले पहिलो पटक सार्वभौम एआई कम्प्युट केन्द्र स्थापना गर्ने घोषणा गरेको छ। हजारौं एआई प्रोसेसिङ युनिट खरिद गरी युवालाई सहुलियतमा उपलब्ध गराउने, रिमोट वर्कलाई कानुनी मान्यता दिने, स्टार्टअपलाई कर छुट उपलब्ध गराउने तथा नेपाललाई डिजिटल अर्थतन्त्रतर्फ उन्मुख गराउने लक्ष्य राखिएको छ।

युवा जनशक्ति विदेश पलायन भइरहेका बेला प्रविधिमा आधारित रोजगारी सिर्जना गर्ने सरकारी प्रयास स्वागतयोग्य मानिए पनि नेपाल जनता कार्यान्वयन पक्षलाई लिएर आशंकित छन्। नेपालमा अझै आधारभूत डिजिटल पूर्वाधार, उच्च गतिको इन्टरनेट, दक्ष जनशक्ति तथा अनुसन्धान संस्कृतिको अभाव रहेको अवस्थामा एआई केन्द्रित कार्यक्रम घोषणामै सीमित हुने जोखिम रहेको उनीहरूको भनाइ छ।

निजी क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले सरकारले व्यक्तिगत आयकरको सीमा बढाएको छ भने अधिकतम करदर ३९ प्रतिशतबाट २९ प्रतिशतमा झारेको छ। औद्योगिक कच्चा पदार्थमा भन्सार घटाइएको छ। ३६० प्रकारका वस्तुमा अन्तःशुल्क हटाइएको छ। स्टार्टअप कम्पनीलाई पाँच वर्षसम्म आयकर छुट दिने व्यवस्था गरिएको छ। गैरआवासीय नेपालीलाई दोस्रो बजारमा लगानी गर्न खुला गरिएको छ।

यी व्यवस्थाले निजी क्षेत्रलाई केही राहत दिने अपेक्षा गरिएको छ। तर व्यवसायीहरू सरकारको नीतिगत अस्थिरता, प्रशासनिक झन्झट, लगानी सुरक्षा तथा कमजोर बजार मागलाई अझै प्रमुख समस्याका रूपमा औंल्याइरहेका छन्। निजी क्षेत्रले कर छुटभन्दा बढी नीतिगत स्थिरता र लगानीमैत्री वातावरण खोजिरहेको अवस्था छ।

कृषि क्षेत्रलाई व्यवसायी करण गर्ने उद्देश्यले भूमि बैंक, करार खेती, उत्पादनमा आधारित अनुदान, डिजिटल मल वितरण प्रणाली तथा कृषि लगानीमा ४० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरिएको छ। कृषि उत्पादन बढाउने र आयात प्रतिस्थापन गर्ने सरकारी लक्ष्य सकारात्मक भए पनि विगतका अनुभव उत्साह जनक छैनन्। वर्षौंदेखि कृषि अनुदान वितरणमा देखिएको अनिय- मितता, पहुँचवालाको कब्जा तथा कमजोर अनुगमन का कारण किसानसम्म कार्यक्रमको वास्तविक लाभ पुग्न सकेको छैन।

ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादन र निर्यातलाई निरन्तरता दिइएको छ। बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणलाई अगाडि बढाउने घोषणा गरिएको छ। पूर्वाधार विकासअन्तर्गत फास्ट ट्र्याक, राजमार्ग स्तरोन्नति, रेलमार्ग र डिजिटल पूर्वाधारलाई प्राथमिकतामा राखिएको छ। तर विगतमा पुँजीगत बजेट खर्च गर्ने सरकारी क्षमता अत्यन्त कमजोर रहेको तथ्यले यसपटकका लक्ष्यहरू पनि चुनौतीपूर्ण देखिएका छन्।

लोकतन्त्र स्थापना गर्नका लागि महत्त्वपूर्ण भुमिका लेख्ने मिडियाको विषयमा भने लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिने बाहेक अन्य कुनै पनि योजना ल्याएको छैन। अझ अनलाइन मिडिया लाई छुट्याउँदै आएको रकम भने काटिएको देखिन्छ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि भए पनि सुधारको गति अपेक्षाकृत कमजोर देखिन्छ। डिजिटल शिक्षा, सीपमूलक शिक्षा र अनुसन्धानलाई जोड दिइएको छ। "सिक्दै कमाउँदै" कार्यक्रममार्फत विद्यार्थीलाई पढाइसँगै रोजगारीको अवसर दिने योजना ल्याइएको छ। तर सार्वजनिक विद्यालयको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, विश्वविद्यालय सुधार तथा श्रम बजारसँग शिक्षा प्रणाली जोड्ने ठोस संरचनागत कार्यक्रम भने अझै अस्पष्ट छन्।

स्वास्थ्य क्षेत्रमा स्वास्थ्य बिमा कार्यक्रम पुनःसंरचना, टेलिमेडिसिन विस्तार तथा मातृ-शिशु स्वास्थ्यलाई प्राथमिकता दिइएको छ। यद्यपि निजी अस्पतालमा उपचार गराउने बिरामीबाट स्वास्थ्य समता शुल्क उठाउने निर्णयले स्वास्थ्य सेवाको लागत बढ्ने सम्भावना देखिएको छ। त्यस्तै निजी विद्यालयमाथि थप कर लगाइएकाले शिक्षा क्षेत्र पनि थप महँगो बन्न सक्ने अनुमान गरिएको छ।

बजेटले मध्यम वर्गलाई केही कर राहत दिएको भए पनि विद्युत् उपभोगमा भ्याट, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा थप आर्थिक भार सिर्जना गर्ने नीतिले नागरिकलाई राहतभन्दा थप बोझ थप्ने जोखिम पनि देखिएको छ। सरकार एकातिर स्वच्छ ऊर्जा प्रयोग बढाउन चाहन्छ भने अर्कोतिर ५० युनिटभन्दा बढी विद्युत् खपतमा करको भार थपिरहेको छ। यस्तो नीति आफैंमा विरोधाभासपूर्ण देखिएको टिप्पणी भइरहेको छ।

बजेटको अर्को महत्वपूर्ण कमजोरी समावेशी विकासको सवालमा देखिएको छ। दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारू, भूमिहीन, सीमान्त किसान तथा अपांगता भएका नागरिकका लागि लक्षित कार्यक्रम अपेक्षाकृत कमजोर देखिएका छन्। सामाजिक न्यायको नारा बजेटमा दोहोरिएको भए पनि त्यसलाई कार्यान्वयन गर्ने ठोस कार्यक्रम र पर्याप्त स्रोत विनियोजन भने देखिँदैन।

संघीयताको मूल मर्म स्थानीय तहलाई सबल बनाउनु भए पनि वित्तीय समानीकरण अनुदान घटाइएको छ। यसले स्थानीय सरकारमार्फत सञ्चालन हुने विकास तथा सामाजिक कार्यक्रम प्रभावित हुन सक्ने चिन्ता बढाएको छ। स्थानीय तहमा स्रोत घटाउँदै केन्द्रमा शक्ति केन्द्रित गर्ने प्रवृत्ति संघीयताको भावना विपरीत रहेको टिप्पणी हुन थालेको छ।

सरकारले बजेटमार्फत आर्थिक गतिविधि बढाउने, रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने र लगानी आकर्षित गर्ने महत्वाकांक्षी लक्ष्य प्रस्तुत गरेको छ। तर विगतका वर्षहरूमा पुँजीगत खर्च न्यून रहने, ठेक्का प्रणाली अस्तव्यस्त हुने, आयोजना समयमै सम्पन्न नहुने, भ्रष्टाचार नियन्त्रण प्रभावकारी नहुने तथा सुशासन कमजोर रहने समस्या जस्ताको तस्तै छन्।

विश्लेषकहरूका अनुसार नेपालको समस्या बजेटको आकार होइन, कार्यान्वयनको कमजोरी हो। प्रत्येक वर्ष नयाँ कार्यक्रम घोषणा गरिए पनि परिणाम नागरिकले महसुस गर्न सक्ने स्तरमा पुग्न सकेको छैन। यही कारण यस वर्षको बजेट पनि घोषणा र यथार्थबीचको दूरी घटाउन सफल हुन्छ कि हुँदैन भन्ने प्रश्नको घेरामा परेको छ।

समग्रमा बजेट २०८३/०८४ ले उत्पादन वृद्धि, डिजिटल रूपान्तरण, निजी क्षेत्रको सहभागिता तथा प्रशासनिक सुधारलाई केन्द्रमा राखेर अर्थतन्त्रलाई चलायमान बनाउने प्रयास गरेको देखिन्छ। तर बढ्दो सार्वजनिक ऋण, उच्च चालु खर्च, कमजोर कार्यान्वयन क्षमता, सामाजिक न्यायका सवालमा अपर्याप्त सम्बोधन तथा सुशासनको चुनौतीले बजेटको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ।

घोषणामा महत्वाकांक्षी, तर स्रोत व्यवस्थापनमा ऋणनिर्भर र कार्यान्वयनमा पुरानै कमजोरी बोकेको यो बजेटले वास्तवमै आर्थिक रूपान्तरणको आधार तयार गर्छ वा अर्को वर्ष पनि अधुरा प्रतिबद्धताको सूचीमा सीमित हुन्छ भन्ने प्रश्नको उत्तर अब सरकारको कार्यशैलीले दिनेछ। नागरिकले बजेटको भाषण होइन, आफ्नो जीवनस्तरमा देखिने परिवर्तन खोजिरहेका छन्।

(लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# शारीरिक व्यायामले पनि स्वास्थ्यलाई फाईदा



**डा. सुनील सापकोटा, प्राकृतिक चिकित्सक**

आजको आधुनिक जीवन शैलीमा शारीरिक निष्क्रियता तीव्र रूपमा बढ्दै गएको छ। लामो समयसम्म बस्ने बानी, मोबाइल तथा कम्प्युटरको अत्यधिक प्रयोग, र यातायातमा निर्भरता बढेसँगै मानिसहरूको दैनिक शारीरिक गतिविधि घटिरहेको छ। यसको प्रत्यक्ष असर मुटुरोग, मधुमेह, मोटोपना तथा मानसिक तनावजस्ता दीर्घकालीन स्वास्थ्य समस्याहरूमा देखिन थालेको छ।

यही सन्दर्भमा हालैका अन्तर्राष्ट्रिय वैज्ञानिक अध्ययनहरूले एउटा महत्वपूर्ण र आशावादी सन्देश दिएका छन्, दिनको केवल ५ मिनेट शारीरिक व्यायाम पनि स्वास्थ्य सुधार र दीर्घायु जीवनका लागि लाभदायक हुन सक्छ।

विभिन्न युरोपेली तथा अमेरिकी अनुसन्धान संस्थाहरूमा गरिएको ठूलो स्तरको अध्ययनमा करिब १ लाख ३५ हजारभन्दा बढी वयस्कहरूको दैनिक शारीरिक गतिविधि लामो समयसम्म गतिविधि मापन उपकरणमार्फत अनुगमन गरिएको थियो।

अध्ययनका निष्कर्ष अनुसार दिनमा केवल ५ मिनेट छिटो हिँडाइ वा मध्यम स्तरको शारीरिक व्यायाम गर्ने व्यक्तिहरूमा समग्र मृत्यु जोखिम घट्ने सम्भावना देखिएको छ। साथै दैनिक बस्ने समय ३० मिनेट मात्र घटाउँदा पनि स्वास्थ्यमा उल्लेखनीय सुधार देखिएको पाइएको छ। विशेषगरी कम शारीरिक सक्रियता भएका व्यक्तिहरूमा सानो परिवर्तनले पनि ठूलो स्वास्थ्य लाभ दिन सक्ने कुरा अध्ययनले स्पष्ट गरेको छ।

विशेषज्ञहरूका अनुसार लामो समय बस्ने बानी (निष्क्रिय जीवनशैली) शरीरका लागि क्रमिक रूपमा हानिकारक हुन्छ। यसले रक्तसञ्चार सुस्त बनाउने, चयापचय (मेटाबोलिज्म) घटाउने, शरीरमा बोसो जम्ने प्रक्रिया बढाउने तथा मधुमेह र मुटुरोगको जोखिम बढाउने गर्दछ।

तर दिनको ५ मिनेट मात्र शारीरिक व्यायाम गर्दा पनि शरीरमा तुरुन्त सकारात्मक परिवर्तन सुरु हुन्छ। मुटुको धड्कन सक्रिय हुन्छ, रक्तसञ्चार सुधार हुन्छ, अक्सिजन आपूर्ति बढ्छ, शरीरको ऊर्जा स्तर बढ्छ र थकान घट्छ।

मानसिक स्वास्थ्यमा पनि यसको स्पष्ट प्रभाव देखिएको छ। नियमित सानो व्यायामले तनाव कम गर्ने, मन हल्का बनाउने, ध्यान केन्द्रित गर्ने क्षमता बढाउने तथा निद्राको गुणस्तर सुधार गर्ने वैज्ञानिक अध्ययनहरूले देखाएका छन्।

दैनिक जीवनमा यसलाई सजिलै अपनाउन सकिन्छ, ५ मिनेट छिटो हिँडाइ गर्ने, सिँढी प्रयोग गर्ने, फोनमा कुरा गर्दा हिँड्ने, वा प्रत्येक १ घण्टामा केही समय उठेर हिँड्ने जस्ता साधारण अभ्यासहरू पर्याप्त हुन्छ।

प्राकृतिक चिकित्सकहरूको अनुसार शरीरलाई निरन्तर चलायमान राख्नु स्वास्थ्यको आधार हो। शारीरिक व्यायामले रक्तसञ्चार, पाचन प्रणाली र प्रतिरक्षा प्रणाली सुधार गर्न मद्दत गर्छ। त्यसैले "गतिशीलता नै औषधि हो" भन्ने अवधारणा प्राकृतिक चिकित्सामा अत्यन्त महत्वपूर्ण मानिन्छ।

निष्कर्षमा, दैनिक ५ मिनेटको शारीरिक व्यायामले पनि स्वास्थ्यलाई फाइदा गर्छ भन्ने कुरा वैज्ञानिक अध्ययनहरूले स्पष्ट रूपमा प्रमाणित गरेका छन्। सानो तर निरन्तर शारीरिक सक्रियता दीर्घायु, मानसिक सन्तुलन र समग्र स्वास्थ्य सुधारतर्फको सरल, व्यवहारिक र प्रभावकारी उपाय हो।

ट्राफिक नियमको पालना गरौं।
सडक सुशासन कायम गरौं।।

# आर्थिक वर्ष २०८३-०८४ को बजेट वक्तव्य प्रति मोरंग उद्योग व्यापार संघको धारणा

विराटनगर। नेपाल सरकारले जेठ १५ गते शुक्रवार दिएको बजेट वक्तव्यमा मोरंग उद्योग व्यापार संघको धारण यस प्रकार रहेको छ। धारणाको पूणपाठ।

नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा जेठ १५ गते शुक्रवार प्रस्तुत गरिएको आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्यले नेपालको उद्योग, वाणिज्य तथा निजी क्षेत्रमा व्याप्त निराशालाई चिर्दै लगानीको वातावरण सुधार्न र उत्पादन लागत घटाउन ऐतिहासिक एवं उत्साहजनक कदमहरु चालेको हामीले महसुस गरेका छौँ। साथै, हाम्रो संघले निजी क्षेत्रका उद्योग/व्यवसायको हकमा सरकार समक्ष प्रस्तुत गर्दै आएका कतिपय सुझावहरु यस बजेटबाट सम्बोधन हुन गएको महसुस गरेका छौँ। तथापी, तिनको स्वच्छ एवं सहज कार्यान्वयनका लागि आशावादी छौँ।

उद्योग, वाणिज्य तथा निजी क्षेत्रको हकमा यस बजेटले गरेका निम्न केही व्यवस्थाहरु प्रति हामी सकारात्मक रही यस प्रति आफ्नो धारणा प्रस्तुत गर्दछौँ।

**१. कर तथा आयकर सम्बन्धी व्यवस्थाहरुः**

- आयकर छुट सीमा वृद्धिः व्यक्तिगत आयकर छुट सीमा रु. १० लाख पु-याईनु स्वागतयोग्य छ, यो व्यवस्थाले उपभोक्ताको क्रयशक्ति बढाई बजार चलायमान बनाउने छ।

- स्वामित्व परिवर्तनमा कर खारेजीः अस्वैच्छिक स्वामित्व परिवर्तनमा आयकर ऐनको दफा ५७ आकर्षित नहुने व्यवस्था सकारात्मक छ। यसबाट उद्योगीहरुको लामो समयदेखिको कानुनी अन्योलता हट्ने छ।

- विवादित कर निरुपणः निर्धारित करको १ प्रतिशत थप बुझाएमा पुराना मुद्दा, जरिवाना र ब्याज पूर्ण मिनाहा हुने व्यवस्था अत्यन्तै सकारात्मक छ। यसबाट व्यवसायीहरुले ढुक्कसँग काम गर्ने वातावरण श्रृजना हुने देखिन्छ।

- निर्यातमा ५० प्रतिशत कर छुटः सूचना प्रविधि सेवा निर्यातमा ५० प्रतिशत आयकर र स्वेट इक्विटीमा शतप्रतिशत कर छुट दिई डिजिटल अर्थतन्त्र र नेपाललाई 'टेक हब' बनाउन उत्कृष्ट कदम चालिएको देखिन्छ।

**२. भन्सार, अन्तःशुल्क र भ्याट सम्बन्धी व्यवस्थाहरुः**

- भन्सार तह तथा दरमा व्यापक परिमार्जनः यस बजेटबाट व्यापारिक प्रक्रियालाई सरल र पारदर्शी बनाउन यस अघिको ११ तहको भन्सार महशुल संरचनालाई ७ तहमा झारिनु तथा २७३ औद्योगिक कच्चा पदार्थको भन्सार दर तयारी वस्तुभन्दा एक तह न्यून गर्ने व्यवस्था गरेकोमा यसले स्वदेशी उद्योगहरुको संरक्षण, दीर्घकालीन हित एवं प्रतिस्पर्धात्मक क्षमता बढाउन ऐतिहासिक एवं महत्वपूर्ण कदम चालेको छ। यो अत्यन्त स्वागतयोग्य छ।

- अन्तःशुल्क खारेजीः हाल ३६० वस्तुहरुमा लाग्दै आएको अन्तःशुल्क पूर्ण रुपमा खारेज गर्नु प्रशंसनीय छ। यसरी करको दायरा घट्दा व्यवसाय सञ्चालन लागत (ऋयकत या मयष्लन दगकष्लभकक) कम हुनेछ।

- डिजिटल भुक्तानीमा १० प्रतिशत भ्याट छुटः डिजिटल खरिदमा उपभोक्तालाई तत्काल १० प्रतिशत भ्याट छुट र स्वचालित भ्याट फिर्ता गर्ने व्यवस्थाले अनौपचारिक व्यापार रोक्न र कानुनी कारोबार बढाउन सघाउने विश्वास लिएका छौँ।

- आन्तरिक उत्पादन संरक्षणः आयात हुने केही वस्तुहरुमा 'आन्तरिक उत्पादन प्रवर्द्धन शुल्क' लागू गरिनु स्वदेशी उद्योग तथा उत्पादनहरुका लागि सुखद् छ।

**३. विद्युत तथा ऊर्जा सम्बन्धी व्यवस्थाहरुः**

- विद्युत महसुल छुटः उत्पादन मूलक उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विद्युतको डिमान्ड शुल्क पुनरावलोकन गर्दै विद्युत महसुलमा छुट दिने व्यवस्थाले उद्योगहरुका लागि ठूलो राहत प्रदान गर्नेछ। यसबाट उत्पादन लागत घट्नुका साथै निर्यात प्रवर्द्धन गर्न समेत मद्दत पुग्ने हाम्रो बुझाई छ।

- जलाशययुक्त जलविद्युतमा विशेष सुविधाः जलाशययुक्त आयोजनामा शतप्रतिशत लगानी गर्ने प्रवर्द्धकलाई पहिलो वर्षमै ४० प्रतिशतसम्म सेयर सर्वसाधारणमा बिक्री गर्न दिइने लगायतका दुरगामी सुविधा मुलुकको ऊर्जा संकट समाधान र हिउँदको विद्युत व्यवस्थापन गर्न कोसेढुङ्गा सावित हुने हाम्रो धारणा छ।

- विद्युत व्यापार अनुमतिः निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा सिधै विद्युत व्यापार र ह्विलिङ चार्जको व्यवस्था गरिनु ऐतिहासिक कदमको रुपमा लिएका छौँ। यसबाट ऊर्जा क्षेत्रमा निजी लगानी र व्यापार विविधीकरण हुनेछ।

-औद्योगिक क्षेत्रमा सिधै प्रसारण लाइनः ५ मेगावाटभन्दा बढी विद्युत खपत गर्ने उद्योगसम्म सिधै प्रसारण लाइन पु-याउने व्यवस्थाले उद्योगहरुमा हुँदै आएको ट्रिपिङ र न्यून भोल्टेजको समस्या अन्त्य गर्नेछ।

**४. उद्योग ऐन, व्यापार र पूर्वाधार सम्बन्धी व्यवस्थाहरुः**

- औद्योगिक व्यवसाय ऐन संशोधनः उद्योगको क्षमता वृद्धि, स्वामित्व परिवर्तन, पुँजी वृद्धि लगायतका विषयमा उद्योग विभागलाई जानकारी मात्र गराए पुग्ने सरल व्यवस्था अत्यन्तै उत्साहजनक छ। यसबाट उद्योगहरुको प्रशासनिक झन्झट अन्त्य हुने विश्वास लिएका छौँ।

- लिजको जग्गामा निर्मित संरचना धितो राख्न पाइनेः उद्योगीहरुले औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा लीजमा उपलब्ध गराइने जग्गामा निर्मित संरचनालाई बैङ्किङ्ग प्रयोजनका लागि धितो राख्न सक्ने व्यवस्थाले उद्योगीहरुको तरलता समस्या समाधान गर्न महत्वपूर्ण भूमिका खेल्ने छ।

- सरकारी कार्यालयहरु पीपीई मोडलमा लैजाने व्यवस्थाः सरकारी कार्यालय वा सरकारी पूर्वाधारहरुलाई सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा लैजाने व्यवस्थाबाट सरकारी संरचनाको दक्षता बढ्ने र निजी क्षेत्रले व्यवस्थापनमा सहकार्य गर्ने अवसर प्राप्त गर्ने देखिएको छ।

- निजी क्षेत्रद्वारा औद्योगिक क्षेत्र सञ्चालनः मोतीपुर र मयूरधाप जस्ता औद्योगिक क्षेत्र निजी क्षेत्रले निर्माण र सञ्चालन गर्न पाउने व्यवस्थालाई सराहनीय शुरुवातको रुपमा लिएका छौँ।

- 'लगानी एक्सप्रेस' र स्वचालित रुटः कम्पनी दर्ता, कर र भिसा अनलाइनमार्फत हुने गरी अनलाइन स्वचालित स्वीकृत प्रणाली ल्याउने प्रयास प्रशंसनीय छ।

- व्यापारिक न्यायाधिकरणः व्यावसायिक र व्यापारिक विवादहरुको छिटो समाधानका लागि छुट्टै न्यायाधिकरणको व्यवस्थाबाट उद्योगीहरुको पुँजी फ्रिज हुनबाट जोगिने छ।

- उधारो असुली कानुनी व्यवस्थाः बजारको व्यापारिक साख जोगाउन उधारो असुली सम्बन्धी विशेष कानुनी व्यवस्था ल्याउने भनिएकोमा सो व्यवस्था आए अहिलेको अवस्थामा उद्योगी/ व्यवसायीहरुको एउटा महत्वपूर्ण समस्यालाई सम्बोधन गर्ने तथा सुरक्षा कवच प्रदान गर्ने देखिन्छ।

समग्रमा भन्नु पर्दा, आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यले करका दरहरुमा कटौती, व्यक्तिगत आयकर छुटको सीमा वृद्धि र लामो समयदेखिका कर विवादहरु निरुपण गर्दै निजी क्षेत्रको व्यावसायिक मनोबल उच्च बनाउने सकारात्मक प्रयास गरेको बुझेका छौँ। औद्योगिक कच्चा पदार्थको भन्सार दरमा कटौती, आन्तरिक उत्पादनको संरक्षण, र ३६० वस्तुको अन्तःशुल्क खारेज गर्ने घोषणाले स्वदेशी उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता बढाउन र व्यापारिक लागत घटाउन ठूलो मद्दत पुऱ्याउने हामीले विश्वास लिएका छौँ। उत्पादनमूलक उद्योगका लागि विद्युत डिमान्ड शुल्क पुनरावलोकन, जलाशय युक्त जलविद्युतमा विशेष सहुलियत, र ५ मेगावाटभन्दा बढी खपत गर्ने उद्योगसम्म सिधै प्रसारण लाइन पुऱ्याउने व्यवस्थाले ऊर्जा क्षेत्रमा निजी लगानी र औद्योगिक उत्पादकत्वलाई बलियो टेवा दिने छ भने औद्योगिक व्यवसाय ऐन संशोधन गरी प्रशासनिक प्रक्रिया सहज बनाउनु, लीजको जग्गामा निर्मित संरचनालाई बैंकिङ धितोका लागि मान्यता दिनु तथा सरकारी पूर्वाधारमा पीपीई मोडल भित्र्याउनु जस्ता व्यवस्थाहरुले मुलुकमा बहु आयामिक लगानीमैत्री वातावरण श्रृजना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वासका साथ आफ्नो धारणा सार्वजनिक गरेका छौँ। अनुपम राठी अध्यक्ष मोरङ उद्योग व्यापार संघ वराटनगर (मोरङ)

# पत्रकार आचार संहिता बारे अन्तरक्रिया सुरु




विराटनगर। पत्रकारितामा आवद्ध महिला, अपांगता भएका व्यक्ति, आदिवासी जनजाति तथा पिछडा वर्गसँग कोशी प्रदेशको पत्रकारिता क्षेत्रमा देखिएका समस्या र पत्रकार आचारसंहिता विषयक दुईदिने अन्तरक्रिया कार्यक्रम विराटनगरमा सुरु भएको छ।

उद्घाटनका क्रममा मन्त्री पराजुलीले सरकारले गरेको सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने निर्णय अलोकतान्त्रिक तथा विभेदकारी भएको टिप्पणी गर्दै कोशी प्रदेश सरकारले पत्रकारहरूको क्षमता अभिवृद्धि तथा सञ्चार क्षेत्रको विकासका लागि आवश्यक सहयोग गर्न प्रतिबद्ध रहेको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य कमल रिमालले सरकारी विज्ञापन सम्बन्धी निर्णयप्रति असन्तुष्टि जनाउँदै उक्त निर्णयविरुद्ध महासंघ आन्दोलनरत रहेको जानकारी दिए।

त्यसैगरी, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्काले सञ्चार माध्यमहरू आर्थिक संकटबाट गुज्रिरहेको अवस्थामा सरकारी निर्णयले थप समस्या सिर्जना गरेको भन्दै तत्काल निर्णय फिर्ता लिन सरकारसँग आग्रह गरे।

अन्तरक्रिया कार्यक्रममा मधेशी पत्रकार समाजका अध्यक्ष श्याम सुन्दर सुतिहार, प्रेस सेन्टर नेपालका अध्यक्ष नविन कर्ण, सञ्चारिका समूहकी अध्यक्ष जुनु भट्टराई तथा नेपाल प्रेस युनियन कोशी प्रदेश अध्यक्ष मिनकुमार नवोदितले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा पत्रकारिता क्षेत्रमा महिला, अपांगता भएका व्यक्ति, आदिवासी जनजाति तथा पिछडा वर्गले भोगिरहेका समस्या, अवसर र पत्रकार आचारसंहिताका विषयमा छलफल भइरहेको छ। कार्यक्रममा पत्रकारिता विषयका विज्ञ यज्ञप्रसाद शर्माले सहजीकरण गरिरहेका छन्।

संगालो खबर मिडिया प्रालिको आयोजनामा तथा आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कोशी प्रदेशको सहयोगमा आयोजित कार्यक्रमको अध्यक्षता प्रालिका अध्यक्ष रविन कट्टेलको अध्यक्षता भई रहेको छ।

**ट्राफिक नियमको पालना गरौं । सडक सुशासन कायम गरौं ।।**

# निषेधित लागुऔषध सहित सात जना पक्राउ

विराटनगर। झापा र उदयपुर जिल्लाको विभिन्न स्थानहरूबाट लागू औषध सहित ७ जना पक्राउ परेका छन्। झापाको अस्थायी प्रहरी चौकी गरामनीबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका-७ मियाबारी स्थित शेर महमदको घरमा खानतलासी गर्ने क्रममा ४९० मिलिग्राम ब्राउन सुगर सहित शेर महमदलाई पक्राउ गरेको छ।

यसैगरी लागू औषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको संयुक्त प्रहरी टोलीले बिर्तामोड नगरपालिका-५ किरातचोक स्थितमा डेरा गरी बस्ने बुद्धशान्ति गाउँपालिका-२ का २४ वर्षीय मनिष ओडारी, बुद्धशान्ति-१ का ३८ वर्षीय नारायण पौडेल, बिर्तामोड नगरपालिका-४ का २४ वर्षीय रमेश लिम्बु र अर्जुनधारा नगरपालिका-९ का २० वर्षीय जेनिस बास्कोटालाई ५०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ।

त्यस्तै वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका-५ मेचीपुल स्थित भारतबाट नेपाल तर्फ आउँदै गरेका मेचीनगर नगरपालिका-१० का ३२ वर्षीय सुरेन्द्र गुरुङलाई ३ ग्राम १२० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ। यसैगरी जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले त्रियुगा नगरपालिका-११ गाईचोक स्थितबाट सोही स्थानका २० वर्षीय कैलाश राईलाई १५ एम्पुल प्रतिबन्धित लागू औषध सहित पक्राउ गरेको छ। पक्राउ परेका व्यक्तिहरूको सम्बन्धमा थप अनुसन्धान भइरहेको छ।




क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# पिछडा वर्गको मगही संस्कृतिमा गणना

श्याम सुन्दर सुतिहार

वास्तवमा "राम" शब्द एक तर अर्थ अनेक रहेको छ। मगही संस्कृतिमा रामको चरित्र र महत्वलाई गणनाको लागि समेत शुभ मानिएको छ। जसरी समुन्द्र र ईनारको तुलना कुनै काल खण्डमा सम्भव छैन् त्यसरी नै भगवान रामको अर्थलाई ईनारको एक वाल्टीन पानीको रुपमा यहाँ उल्लेख गर्न प्रयास गरिएको छ। जसरी तिर्खा लागेको व्यक्तिलाई एक थोपा पानीले स्वाद प्राप्त त हुन सक्छ तर तिर्खा मेटाउन सक्दैन्। त्यसैले रामको बारेमा केही चर्चा मात्र गर्न सकिन्छ। गाँउ घरको लोकाचारीमा वर्षो देखी प्रयोग हुदै आएको मान्यता हाम्रा आमाबुवा बाजेहरुले राम शब्दलाई बहुत मार्मिक भावले समय समयमा प्रस्तुत गर्नु हुन्थ्यो। त्यसैले एउटा भाव प्रष्ट देखिन्छ कि राम नाम जप गर्नाले संसारको सबै थोक प्राप्त गर्न सकिन्छ।

गणनाको शुरुवात : "राम" शब्द प्रथम अंकको लोक तात्विक नाम हो।

कृषकहरुले वा साहुकारले तौल गर्दा शुरुको तौललाई रामे जी राम भनेर तौलिन्छ। यसको अर्थ पहिलो वा एक वा प्रथम हो। त्यस पछि रामे जी राम दुई। त्यसपछि रामे जी राम तिन। क्रमशः नम्बरमा गणने चलन छ। रुपैया गन्दा पनि पहिला रुपैयालाई रामे जी राम भनेर गनिन्छ। हरेक ठाउँमा गणना गर्दा पहिलो अंकलाई राम भनेर सम्बोन गर्ने परम्परा चलिआएको छ। प्रथम अंकलाई राम भन्ने गर्दछ आदी।

**मगही संस्कृतिमापुजा**

मगहीएउटा विशाल समुदाय हो। यस मगही संस्कृतिमा पर्ने जातिहरुले प्रकृति पुजा, विभिन्न देवी देवता र भगवानहरुकोपुजा गरिरहेको छ। यस संस्कृति भित्र सनातन धर्म, आर्य समाज, बौद्ध धर्म, हिन्दु धर्म, कविर पन्थी धर्म विस्तार भएको छ। सबै धर्महरुमा दैनिक जीवन यापनको लागि आ आफनै विधि र विधान रहेको छ। बहुत सौहार्दपूर्ण जीवन कार्य शैलीमा सबै मिलेर बसेका छन्। सनातन धर्म मान्नेको जनसंख्या बढी छ। सनातन हिन्दु धर्मको प्रचलित व्यवस्था बमोजिम पुजा पाठ गर्दै आएको हो। यस संस्कृति भित्र मगहीजातिहरुको कुल पुजाको बारेमा कसैले चर्चा गरेनन्। यस समुदायको मुख्य पूजा के हो ? कसरी गरिन्छ ? कसले र कहिले गरिन्छ ? यसको तिथि मिति बारे विस्तृत अध्ययन नभएकोले यो कुन पुजा भन्ने बारे कसैलाई जानकारी हुन सकेन्।

मगही संस्कृतिमा ३ (तिन) प्रकारको पुजा गरिन्छ।

१) प्रकृति पुजा : घरको गोसाई पुजा, चौरचन, छठ, थान पुजा, नेमान पुजा, जुडसितल, लगंपांचे, अनन्तपुजा, घडी पवनी, चौपारा पुजा, तुलसी विवाह, पिपर बोटको पुजा, बर-पिपल पुजा, जितिया, तिला सकराइत आदी प्रकृति पुजा हुन्।

२) मूर्ति पुजा : राम, सीता, कृष्ण, हनुमान, गणेश, महादेव, विष्णु लक्ष्मी, पार्वती, दुर्गा जस्ता देवी देवताको मूतिलाई पूजागर्ने चलन छ। सत्यनारायण भगवानको पुजा, लक्ष्मी पुजा, दुर्गा पुजा, विश्वकर्मा पुजा, सरस्वती पुजा आदी महत्वपूर्ण हुन्।

३) कुलवंश/पूर्खाको पुजा : एउटा व्यक्तिले आफनो पूर्वजको सम्मान गर्न पूजा गर्दछ।

पुजामा प्रयोग हने सामग्रीहरु दुग्ध, केरा, पान, सपाडी, लड, तलसी पात, केरा पात दुवी, छाप, धुप अगरवति, अंचरी, आदी पुजा समग्रीहरु प्रयोग गरिन्छ।

**घर गोसाँइ (गृहदेवता स्थापित गर्ने विधि) बनाउने विधि :**

यस मगही समुदाय भित्र विभिन्न जातजातिहरुमा फरक फरक संस्कृति हुन्छ। मगही समुदाय प्रक्ति पुजक हो। यसको उदाहरण घरको गोसाईको स्थापना र पूजा हो। गृहदेवताको पुजामा कुनै पनि भगवानको मूर्ति वा फोटोको पुजा गर्ने चलन छैन्।

१) पांच पुरको माटो ल्याउने त्यस्तो गाँउ जसको नाम पुर मा समाप्त हुन्छ। जस्तै, मोहनपुर, सुखिपुर, रामपुर, हैरपुर, कमलपुर) विहान सुतेर उठेपछि कसैसँग नवोली चुपचाप त्यस्ता गाँउमा पुगेर माटो ल्याउनु पर्ने।

२) हातिसार (हाथी बाँध्ने स्थान) बाट माटो ल्याउनु पर्ने।

३) दरवारसार्वजनिक स्थान जहाँ न्याय हुन्छ) बाट माटो ल्याउनु पर्ने।

४) गंगाको माटो (जसलाई गंगोट भनिन्छ) बाट ल्याउनु पर्ने।

५) गंगा जल ल्याउनु पर्ने।

विधि पूर्वक यी सबै माटो र गंगा जललाई "एक ठाँउमा राखेर एउटा ढिस्को (पिरि) बनाइन्छ। यो पिरी सब भन्दा पवित्र मानिन्छ।" लाई घरगोसाँइ ( गृहदेवता) भनिन्छ।

यस पिरि (गृह देवता)लाई भावपूर्वक परम्परागत तरिकाले पुजा गर्ने चलन छ। त्यसैले मगही संस्कृतिका समुदाय प्रकृति पुजक हो। यस पुजामा पानी र चिनीको लडु मात्र चठाइन्छ। बजारमा बनेको लडु गृहदेवताको पुजामा चढाउन पाइदैन्। गोसाईंघर छुट्टै हुन्छ। एउटै जाति समुदायमा फरक फरक घरगोसाईंहरुहुन्छ। जस्तै, कारिख धर्मराज, सोखा, कालिबन्दी गोरैया, मानिकपुर मानिकपुरी राउत, सोखा शम्भुनाथ, धर्मराज गहिल, गोविन्द गणेश, जल्पा, नरसिंह गोसाई, भगवति, पचदेवी, गोसाई, विसहरी आदी। यस पुजामा कुनै भगवानको फोटो वा मूर्ति राख्न निषेध छ।

**मगही संस्कृतिमा आदर गर्ने विधि**

मगही समुदायमा एक अर्को प्रति भाव प्रगट गर्ने, सम्मान व्यक्त गर्ने, आदर गर्ने केही विधिहरु छन्।

१) दुवै हात जोडेर नमस्ते नमस्कार गर्ने।

२) खुट्टा छोएर ढोग्ने र आर्शिवाद लिने।

३) हाथ मिलाएर मित्रताको प्रगट गर्ने।

४) काँधमा काँध मिलाएर एक अर्कोलाई सम्मान गर्ने।

श्रीपंचमीमा हलको पुजा

श्रीपंचमीलाई बसन्त पंचमी भनिन्छ। प्राय यो पुजा माघ महिनामा पर्दछ। किसानले काठको हलबाट फाली निकालेर लोहार (बढई) कहाँ गएर धार बनाउने र थोरै धान तताएको फाली माथि राखेर लबा बनाउने चलन छ। फालीमा धार बनाएर पुन हलमा जोडेर खेतमा अढाई मोड धमाउने/जोत्ने चलन छ। त्यसपछि खेतबारीबाट अढाई मोड जोतेर आएपछि आंगनमा लिपपोत गरी हलो राख्ने चलन छ। लिपपोत गरेको ठाँउ र हलो, पालो जुवा) मासिन्दुर पिठार लगाउने चलन छ।

हलोको नाशलाई धानले छोप्ने गरिन्छ। अढाई मोड जोत्ने काम हली (हरवाह) ले गर्दछ,। हलोको नाश लाई छोप्न लागेको सबै धान हली (हरवाह) को हुन्छ। उक्त हलीले वर्षभरी त्यो किसानको हलो जोत्ने परम्परा छ। उक्त हलीको पिठमा सिन्दुर पिठारमा पंजा छाप लगाउने गरिन्छ।

हरको नाश सबैको आस भन्ने मगही उखान चरितार्थ छ। यसको अर्थ हलोले खेतमा जोतेपछि अन्न वाली उब्जाईन्छ। ति अन्नबालीको उपयोगले मान्छेको जीवन छ। यो पर्व आधुनिकी करणको कारणले लोप हुन लागेको अवस्था छ।

# लागुऔषध सहित २३ जना पक्राउ



विराटनगर। झापा, मोरङ र सुनसरी जिल्लाको विभिन्न स्थानहरूबाट लागू औषध सहित ११ जनालाई प्रहरीले पक्राउ परेको छ।

झापाको इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागू औषध नियन्त्रण ब्युरो काँकरभिट्टाको प्रहरी टोलीले चेकजाँचको क्रममा मेचीनगर नगरपालिका-१४ का आकाश चौधरीलाई १६ ग्राम ४०० मिलिग्राम ब्राउन सुगर सहित, प्रहरी चौकी टाघनडुब्बाले पक्राउ गरेको थियो।

दमक नगरपालिका-१० का सुरज राय र विराटनगर-३ का बाबुराम दर्जीलाई १४ ग्राम ८१० मिलिग्राम ब्राउन सुगर सहित र इलाका प्रहरी कार्यालय अनारमनीले अर्जुनधारा नगरपालिका-७ का बिनोद मगर, भोजपुर हतुवागढी गाउँपालिका-४ का सागर राईलाई ५ किलो ९० ग्राम गाँजा सहित पक्राउ गरेको थियो।

मोरङको अस्थायी प्रहरी चौकी कुशलबजारले पथरी शनिश्चरे नगरपालिका-८ का रबिन माझी, दुर्गा राई, पवन खत्री र कानेपोखरी गाउँपालिका -५ का रमल नेपालीलाई २०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

सुनसरीको अस्थायी प्रहरी चौकी जोरसखुवाले धनकुटा साँगुरीगढी गाउँपालिका-९ का बिनोद राई र विशाल राईलाई ३७० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

जेठ १८ गते चेकजाँचको क्रममा जिल्ला प्रहरी कार्यालय झापा र लागू औषध नियन्त्रण ब्यूरो काँकरभिट्टाको प्रहरी टोलीले कचनकवल गाउँपालिका-६ स्थितबाट भारत किसनगंजका युबेद राजालाई ६९ ग्राम ६०० मिलिग्राम ब्राउन सुगर सहित र वडा प्रहरी कार्यालय भद्रपुरले कचनकवल गाउँपालिका-४ का हेमन्त विश्वकर्मालाई ५ ग्राम १२० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

यसैगरी मोरङको धनपाल थान गाउँपालिका-३ र रंगेली नगरपालिका-४ चोप्राहबाट इलाका प्रहरी कार्यालय रंगेली र लागू औषध नियन्त्रण ब्यूरो विराटनगरको टोलीले रंगेली-१ का सुदिप भट्टराईलाई ३ ग्राम ब्राउन सुगर सहित, र उर्लाबारी -४ का अभिषेक कार्की, बेलवारी -२ का नविन निरौलालाई ७ ग्राम ४०० मिलिग्राम ब्राउन सुगर सहित र सुन्दरहरैचा नगरपालिका-७ का सुरज परियारलाई १३ ग्राम ८६० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरिएको थियो।

झापाको मेचीनगर नगर पालिका-६ मेचीडाँडा स्थितबाट लागू औषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले काठमाण्डौका ३२ वर्षीय रोशन कार्कीलाई ४८ ग्राम ६० मिलिग्राम ब्राउन सुगर सहित, मेचीनगर नगरपालिका-१४ लालपानीका ३२ वर्षीय विश्वनाथ राजवंशीलाई २ ग्राम २५० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसैगरी सुनसरीको बराह क्षेत्र नगरपालिका-५ स्थितबाट प्रहरी चौकी भरोल सुनसरीले भारत अररियाका २० वर्षीय दयानन्द यादवलाई प्रतिबन्धित लागू औषध ट्रामाडोल-१ हजार ६९० क्याप्सुल, नगद २७ हजार ५ सय सहित पक्राउ गरेको थियो।

इलाका प्रहरी कार्यालय इटहरीले २९ वर्षीय अभिषेक चौधरीलाई १ ग्राम ५४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ। यस्तै जिल्ला प्रहरी कार्यालय सुनसरीले रामधुनी नगरपालिका-३ का रुपेश चौधरीलाई ५ ग्राम ५५० मिलिग्राम ब्राउन सुगर सहित इनरुवा-३ स्थितबाट पक्राउ गरेको थियो।

इटहरी उप-महानगर पालिका-११ सिमरवनाका २० वर्षीय अभिषेक श्रेष्ठलाई ट्रामाडोल-९८० क्याप्सुल, डिसाइक्लोमाइन -१ हजार १८० ट्याब्लेट, सहित प्रहरी चौकी खनारले पक्राउ गरेको थियो।

पक्राउ परेका सबैजनाको थप अनुसन्धान भई सम्वन्धित प्रहरी कार्यालयले जनाएको छ।

## बजेट...

प्रतिशतमा झार्नु यसैको महत्त्वपूर्ण कडी हो।

यसले जागिरे तथा मध्यम वर्गको हातमा खर्चयोग्य आम्दानी बढाउने अपेक्षा गरिएको छ, जसबाट उपभोग विस्तार भई बैंकिङ, अटोमोबाइल, रियल इस्टेट र खुद्रा व्यापारजस्ता क्षेत्रहरू लाभान्वित हुन सक्नेछन्। त्यस्तै ३ सय ६० वस्तुमा अन्तःशुल्क हटाउनु र २ सय ७३ औद्योगिक कच्चापदार्थमा भन्सार महसुल घटाउनु स्वदेशी उद्योगलाई प्रतिस्पर्धी बनाउने सकारात्मक कदम पनि हुन्। तर, कर संरचनाको अर्को पाटोले भने नागरिकको दैनिकीमा प्रत्यक्ष दबाब सिर्जना गर्ने संकेत देखिन्छ, विशेषगरी आधारभूत उपभोग खर्चमार्फत।

मासिक ५० युनिटभन्दा बढी विद्युत् खपतमा ५ प्रतिशत भ्याट लगाइँदा घरायसी खर्च बढ्ने साथै खाद्यान्न, औषधोपचार र बालबालिकाको शिक्षाजस्ता संवेदनशील क्षेत्रमा करको प्रभावले न्यून आय भएका परिवारहरूको जीवन झन् दबाबपूर्ण बन्ने देखिन्छ। छिमेकी भारत लगायत मुलुकमा यस्ता सेवा सहुलियतपूर्ण वा न्यून कर दायरामा राखिने अभ्यास रहँदै आएको सन्दर्भमा, नेपालमा भने निजी सेवा उपभोग गर्न बाध्य निम्न मध्यम वर्गमाथि थप कर भारले महँगीको नयाँ चक्र ( इन्फ्लेसनरी साइकल) सुरु गराउन सक्ने चिन्ता बढेको छ। यसले उपभोक्तामा अन्योल र असन्तुष्टि बढाउने मात्र होइन, समग्र बजारमा महँगीको दबाब थप्ने जोखिम पनि उत्तिकै छ।

त्यसैगरी विद्युतीय सवारीसाधनमा कर वृद्धि गर्ने निर्णयले नीतिगत विरोधाभास पनि उजागर गरेको छ। एकातिर स्वच्छ ऊर्जा र हरित यातायात प्रवर्द्धन गर्ने लक्ष्य राख्ने, अर्कातिर विद्युतीय सवारीलाई नै महँगो बनाउने कदमले नीतिगत स्पष्टतामाथि प्रश्न उठाएको छ।

डिजिटल अर्थतन्त्र : सम्भावना र सीमा

करका नीतिहरूले आम नागरिकको दैनिक जीवनमा चुनौती थपेको पृष्ठभूमिमा, बजेटले सूचना प्रविधि र स्टार्टअपलाई रणनीतिक उद्योग मानेर जुन आधुनिक बाटो समात्ने प्रयास गरेको छ, त्यो भने सह्रानीय छ। आईटी निर्यातमा कर छुट र फ्रिलान्सरलाई दिइएको सुविधाले युवापुस्तालाई देशमै उद्यमशीलताको अवसर दिने एउटा सकारात्मक आधार पक्कै तयार गरेको छ।

यो आधार थप बलियो बनाउन बजेटले एआई केन्द्र स्थापना गर्ने तथा नेपाल टेलिकमको संरचनागत पुनर्संरचना वा सेयर व्यवस्थापन सँग सम्बन्धित पहल अघि सारेको छ। त्यसमै सूचना प्रविधि क्षेत्रमा कार्यरत पेसागत जनशक्तिका लागि स्वेट सेयर सम्बन्धी कर छुटको व्यवस्था पनि उल्लेख गरिएको छ, जसले डिजिटल अर्थतन्त्रतर्फ प्रोत्साहन दिने प्रयासलाई थप बलियो बनाउँछ। अनलाईन खबरबाट

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर